यौन दुराचार
जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट
सजग र सचेत रहौं,
आफु पनि बचौं र अरुलाई
पनि बचाऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


# बुद्ध दर्पण

राष्ट्रिय दैनिक

The Buddha Darpan National Daily







वर्ष ९ अंक २४ | २४ साउन २०८० बुधबार | 9 August 2023 Wednesday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

# बाणगंगा : वार्षिक समिक्षादेखि भत्कीएका सडक मर्मत

❖ कपिलधाममा प्राकृतिक चिकित्सालय सञ्चालनका लागी अनुमति

❖ भदौ ४ गते नागपञ्चमीमा स्थानीय बिदा

कपिलवस्तु २३ साउन

कपिलवस्तु जिल्लाको बाणगंगा नगरपालिकाको कार्यपालिका बैठक मंगलवार गरिएको छ।

नगरपालिकाको सभाहलमा बसेको बैठकले बिभिन्न महत्वपुर्ण निर्णय गर्दै कार्यपालिका बैठक सम्पन्न भएको हो।

कार्यपालिका बैठकले आर्थिक बर्ष २०८०/८१ मा बिनियोजित बजेट कार्यान्वयनको लागी सघंको अर्थमन्त्रालयबाट प्राप्त मार्ग दर्शन अनुसार बजेट कार्यान्वयन गर्ने निर्णय गरेको बाणगंगा नगरपालिकाका प्रवक्ता तथा वडा नः २ का वडाध्यक्ष बिष्णु प्रसाद पौडेलले जानकारी दिए।

साथै बैठकले आर्थिक बर्ष २०७९/८० को बार्षिक समिक्षा भदौ ८ र ११ गते नगरको सभाहलमा आयोजना गर्ने निर्णय समेत गरेको छ।

भावी दिशा निर्माण तथा आम जनगुनासो सम्बोधन गर्ने उदेश्यले बार्षिक समिक्षा बैठकको आयोजना गरीएको बाणगंगा नगरपालिका उप प्रमुख रिता कुमारी चौधरीले बताइन।

त्यस्तै कार्यपालिका बैठकले आर्थिक बर्ष २०८०/८१ लागी ज्याला र निमार्ण सामाग्रीको नगर



दररेट स्वीकृत समेत गरेको उप प्रमुख चौधरीले जनाकारी दिइन।

साथै बैठकले प्राकृतिक चिकित्सा सम्बन्धी कार्यविधि पारित गर्दै कपिलधाममा प्राकृतिक चिकित्सालय सञ्चालनका लागी अनुमति दिने निर्णय गरेको नगर प्रमुख चक्र अर्याललले बताए।

साथै भदौ ४ गते नागपञ्चमीका अवसरमा स्थानिय बिदा दिने निर्णय समेत कार्यपालिकाको बैठकले गरेको छ। भदौ ४ दिन नगरभित्रका अत्यावश्यक बाहेक नगर मातहतका सबै कार्यलय तथा बिद्यालयले बिदा पाउने छन।

साथै बर्षायाममा खाल्डाखुल्डी भएका तथा भत्कीएका सडक मर्मतका लागी कार्यपालिका बैठकले २० लाख रुपैया बजेट छुट्टाएको प्रमुख अर्याललले बताए। सो बजेट नगरका हरेक वडामा बजेटका ४ मापदण्ड अनुसारनै बितरण गरीने बताइएको छ। बैठकमा नगर प्रमुख चक्र अर्याल, उप प्रमुख रिता कुमारी चौधरी, प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसाल, प्रवक्ता बिष्णु प्रसाद पौडेल लगायतले आआफनो धारणा राखेका थिए भने वडाध्यक्षसहित कार्यपालिका सदस्यहरुको बैठकमा सहभागिता रहेको थियो।

# रोल्पा बस दुर्घटना : ४ ले ज्यान गुमाए

❖ बस तीव्र गतिका कारण अनियन्त्रित भई घुम्ती सडकबाट तल खसेको थियो



रोल्पा २३ साउन

रोल्पाको त्रिवेणी गाउँपालिका-७ रिचीमा मङ्गलवार भएको बस दुर्घटनामा चार जनाको ज्यान गएको छ। दुर्घटनामा ११ महिनाको शिशुसहित १५ जना घाइते भएका छन्।

रोल्पाको बाग्माराबाट दाङको घोराहीका लागि छुटेको ना ५ ख २६१२ नम्बरको बस दुर्घटना हुँदा माडी गाउँपालिका-४ का ५० वर्षका गोरख डाँगी, उहाँकी श्रीमती ४६ वर्षीया हस्ता डाँगी, माडी-२ का २२ वर्षका प्रकाश बाँठा र परिवर्तन गाउँपालिका-३ का ४५ वर्षका भक्तबहादुर विकको ज्यान गएको जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रहरी निरीक्षक (इन्स्पेक्टर) प्रकाश भुसालले जानकारी दिनुभयो।

शवलाई पोस्टमार्टमका लागि रोल्पा अस्पताल रेउघा लगिएको छ भने घाइतेहरूको दाङमा रहेको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ। घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर छ। घाइते हुनेहरूमा धेरैजसो रोल्पाको माडी गाउँपालिकाका रहेका छन्।

यस्तै सामान्य घाइतेसमेत रहेका दाङको घोराही उपमहानगरपालिका-१२ का २४ वर्षीय चालक हुमराज बस्नेतलाई प्रहरीले नियन्त्रणमा लिएको छ। दुर्घटनामा चालकको लापर्बाही देखिएकाले नियन्त्रणमा लिई अनुसन्धान भइरहेको रोल्पाका प्रमुख जिल्ला अधिकारी परमानन्द घिमिरेले जानकारी दिनुभयो। बस तीव्र गतिका कारण अनियन्त्रित भई घुम्ती सडकबाट तल खसेको थियो।

# विभिन्न जडिबुटी बिक्री गर्दै जुम्लेली खुट्के





**माधव बेल्वासे**

कपिलवस्तु,२३ साउन

शिरमा ढाका टोपी,काँधमा झोला,घाटीमा सेतो रुमाल । मिठो मुस्कान सहित ग्राहक खोज्दै गाउँ डुल्छन् खुट्के रोका। कर्णाली प्रदेशको दुर्गम हिमाली जिल्ला जुम्लाबाट खुट्के वर्षेनी तराई झर्छन् । भौगोलिक रूपमा विकट र दुर्गम भए तापनि नेपालको इतिहासमा जुम्ला जिल्लाको आफ्नै महत्त्वपूर्ण पहिचान रहेको जिल्ला हो। जुम्लामा उत्पादित विभिन्न जडीबुटीलाई तराईका विभिन्न जिल्लामा पुगेर व्यापार हुने गर्दछ । व्यापार मात्र होइन खुट्केले नेपाली भाषा र संस्कृतिको उद्‌गम स्थल जुम्लाको प्रचारप्रसार समेत गर्दछन्।

जुम्लाको इतिहास सँगै त्यहाँको मौसम त्यहाँका नागरिकहरूको अवस्थाका बारेमा खुट्केले प्रस्ट पार्ने गर्दछन्। घरघरमा पुगेर गफिँदै आफूले बिक्रीको लागि ल्याएका जडीबुटी बिक्री गर्दछन् । उनको हँसिलो ,मिजासिलो बोलीले ग्राहरुको एक पटक बिचार गरौं भनेर पनि खरिद गर्दछन्। खुट्के वर्षमा दुई पटक जुम्ला पुग्छन्। त्यहाँ उनले विभिन्न प्रकारका जडीबुटीहरू सङ्कलन गर्दछन् र त्यसपछि दुई महिनाको लागि तराइमा झर्छन् । यसो गर्न लागेको वर्षौं भयो। खेतीपाती स्याहार्न लगाएर तराइ आउँछन् र पाक्ने बेलामा पुनः फर्किछन्।

खुट्केले धान रोपेर अहिले कपिलवस्तुको कृष्णनगर आसपास आएका छन्। नेपाल सँगै भारतमा समेत व्यापार गर्न पाउने भएकोले उनी सीमा क्षेत्रमा आएका हुन।


नेपालीहरूले भन्दा भारतीयहरूले बढि जडीबुटी माग गर्ने गरेको उनले बताउँछन् । उनी असारमा धान रोपेर साउनमा तराई झरे। अब साउन र भदौ यतै बस्छन् ।असोज तिर फर्किएर पुसमा फेरी व्यापारको लागि तराई आउँछन्। वर्षमा चार महिना उनले व्यापार गर्छन्। उनी मात्र होइन उनी जस्ता धेरै जनाले यसै गरेर परिवार पालेका छन्।

जुम्लामा जन्मिएका खट्के अहिले ५५ वर्षका पुगे। उनी अहिले सुर्खेतमा बसाइसरेका छन्। जाडो मौसम जुम्लामा बस्न समस्या भएपछि केही वर्ष पछि सुर्खेत झरेको बताउँछन्। 'सुरु सुरुमा परिवार पाल्नको लागि जडीबुटी बेच्न सुरु गरेको हु,अहिले वर्षमा दुई पटक तराई आउँछु, उनी भन्छन्, 'एक पटक आउँदा २ लाख जति कमाइ हुने गर्दछ,।'

तराईमा व्यापार गर्न आउँदा अहिले उनका परिवार भने सन्तुष्ट छैनन् । उनका जेठो छोरा प्रहरीमा जागिर खाएका छन।

बुहारीले वडा कार्यालयमा काम गर्छिन्,कान्छो छोराले अटो चलाउँछन्। परिवारले अब यो दुख गर्न नहुने भने पनि उनी भने दुईचार पैसा होला भनेर व्यापार गरेको बताउँछन् । 'अहिले खेतीपाती छैन घरमा बस्नुभन्दा दुईचार पैसा होला भनेर यहाँ आएका हु, खट्के भन्छन् 'मान्छेलाई जति भए पनि पुग्दैन पहिला दुख पाएर व्यापार गरे, अहिले परिवारले नजाऊँ भन्दा पनि आउँछु,। उनले विरेनुन-हजम फिटकीरी ,यार्सागुम्बा, केशर (शरीरमा शक्ति बढाउने), शिलाजित (बाथ रोग निको पार्ने), जडीबुटीको तेलहरू (पिनास र बाथ रोग आदिको लागि) आदि बेचिरहेका हुन्छन्।

# सदनको गतिरोध अन्त्य गर्न एमाले कसरी भयो सहमत ?



काठमाडौं २३ साउन

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध रूपमा सुन बाहिरिएको विषयलाई लिएर लगातार सदन अवरुद्ध गर्दै आएको प्रमुख प्रतिपक्षी नेकपा (एमाले) ले प्रतिनिधि सभाको मंगलवार बैठक सञ्चालन गर्नका लागि सहमत भएको छ।

सुन तस्करी प्रकरणमा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई जवाफ राख्न दिने र गृहमन्त्रीबाट उच्चस्तरीय समिति गठनको प्रतिबद्धता नआए विरोध गर्नेगरी आजको बैठक चल्न दिन एमाले तयार भएको हो।

सदनको अवरोध हटाउन प्रधानमन्त्री निवास बालुवाटारमा सभामुख देवराज घिमिरेसहित शीर्ष नेताको बैठक बसेपनि बिना निष्कर्ष टुङ्गिएको थियो।

एमाले सचेतक महेश बर्तौलाले भन्नुभयो, "मंगलवार अपराह्न ३ बजे सदन अगाडि बढ्छ, गृहमन्त्रीले उच्चस्तरीय समिति बनाउने प्रतिबद्धता जनाए बैठक अगाडि जाने र समिति गठन गर्ने प्रतिबद्धता नआए हामीले उठेर विरोध गर्छौं।"

शीर्ष तहको बैठकमा सरकारका तर्फबाट उच्चस्तरीय समिति गठन नगर्ने अडान कायमै भए पनि गृहमन्त्रीको जवाफ सुन्नका लागि सदन चल्न दिने निष्कर्षमा पुगिएको उहाँको भनाइ छ।

"बैठकमा सरकार आफ्नो अडानमा रह्यो। उच्चस्तरीय छानबिन समिति बनाउन तयार नहुँदानहुँदै पनि आज गृहमन्त्रीको जवाफ सुन्नका लागि सदनलाई अगाडि बढाउन दिएका हौं", उहाँले भन्नुभयो, "गृहमन्त्रीको जवाफ पनि सुन्छौं, देशभरका सांसदले पनि आफ्ना कुरा राख्ने अवस्था बनाउँछौं। अपराह्न ३ बजे सदन अगाडि जान्छ, हामी बैठकलाई अवरोध गर्दैनौं।"

# सम्पादकीय

## आरोप र आधार !

-'संसद चल्दैन, बार्गेनिङ् चल्छ' - रवि लामिछाने

-यो राज्यसत्ता नै लुटपाटमा, भ्रष्टाचारमा लागिसकेपछि गर्नु हुन्छ के ? कसलाई थाहा छैन ? यहाँ कुनचाहिँ पार्टी हो र कुनचाहिँ व्यक्ति हो भन्नुभन्दा पनि राज्यसत्ता पुरै लुटपाटमा सामेल भैसकेपछि त गाह्रो छ हामीलाई ।' - चित्रबहादुर केसी

-ठूला तीन दलले संसदमा सिण्डिकेट लगाएर सुन प्रकरणको सेटिङ् मिलाउँदैछन् - ज्ञानेन्द्र शाही

-'तस्कर राज्य' बनाइयो नेपाललाई - डम्मर खतिवडा

-तीन नेताहरु बसेर, राष्ट्रिय सहमति गरेर, विवाद टुंग्याउन किन बिलम्ब गरेका होलान् ? 'मिलिजुली बस्ने, बाँडिचुँडि खाने' कुरामा भित्रभित्रै हिस्सा लिएर, बाहिरतिर दुनिया भरिका खिस्सा सुनाएर, बाझाबाझ् गरेर, नग्न नाटक देखाउन किन परेको होला ? जब सत्ता नै भ्रष्टाचार र लुटपाटमा संलग्न हुन्छ, दलहरुले भागशान्ति जय नेपाल गरेर, हिस्सा लिएर, भागवण्डामा सवै मिल्छ, तब त्यहाँ के बाँकी रहन्छ र ? - सामाजिक सञ्जालका टिप्पणीको सारांश

उल्लेखित आरोपमा कति सत्यता छ र छैन भन्ने विषयमा छलफल चलाउनै पर्दैन । माथिका तीनजना प्रतिनिधि सभाका सांसद हुन् र खतिवडाचाहिँ विद्वान विश्लेषक । सदन चलेको छैन र अवरोध कायमै छ । त्यसप्रति जनताको कुनै चासो छैन । साँच्चै भन्ने हो भने वर्तमान सरकारले तीनवटा भ्रष्टाचारका फाइल खोलेर पाएको वाहवाहीलाई एउटै नियुक्तिले सखाप पाऱ्यो । ल्हारक्याल लामालाई लुम्बिनी विकास कोषको कार्यकारी उपाध्यक्ष बनाएपछि सरकारको छवि हेर्न त्यतातिर सोझिएको छ समाज र सञ्चार जगत । सवैले सवैका अभिलेख राखेका छन् र मौकामा निकाल्छन् । ल्हारक्यालका पनि विगतका क्रियाकलापका विवरण सार्वजनिक भएका छन् । उनी किन फर्कीफर्की आउँछन् र नेता वा दलहरुले पालैपालो ल्याउँछन् ? यसका पछाडिका कारण बारे कसैले खोजबिन गर्न चाहेको देखिएन । केही मान्छेको आरोप छ - 'ल्हारक्याल लामा ह्वाइट हाउसका प्रतिनिधि पात्र हुन्' दलहरुले उनलाई छुन सक्दैनन् । अख्तियार र अदालतले पनि आँट नगरेर सफाई दिएर छाडेको त्यसैले हो ।' सिङ्गै पश्चिमको प्रतिनिधित्व गर्ने खालका पात्र हुनाले कांग्रेस, एमाले र माओवादीले पालैपालो भाग दिए, ल्हारक्यालले पनि लिए । अब कस्ले दिएको ठीक र कस्ले दिदा बेठीक भन्ने, मान्ने ?

'निर्माण व्यवसायीलाई भुक्तानी दिन सरकारसंग बजेट छैन । बहुवर्षीय आयोजनाका नाममा ५ करोड रुपैयाँ श्रोत सुनिश्चित गरेर ५ अर्बको ठेक्का लगायो अघिल्लो(ओली) सरकारले । ठेकेदारले काम थालेर दायित्व थपियो, तर बाँडफाँटका लागि श्रोत छैन' अर्थमन्त्री प्रकाशशरण महत भन्छन् । स्थिति ठीक छैन । सरकार टाट् उल्टेको छ । जसको प्रमाण अर्थ मन्त्रालयले दिएछ यसरी । 'गत आर्थिक वर्षमा तोकिएको लक्षभन्दा २८ प्रतिशत राजश्व कम सङ्कलन भएको छ । मन्त्रालयका अनुसार १४ खर्ब ३ अर्ब १४ करोड लक्ष राखिएकोमा १० खर्ब १० अर्ब ३९ करोड सङ्कलन भएको हो ।' अनि देश चल्छ कसरी ?

# प्रबुद्ध व्यक्ति समूहको फन्दा !



अग्रलेख

● भीम रावल




> प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन भारतको चाहनाअनुरूप तयार नभएपछि त्यसलाई पहिले भारतीय प्रधानमन्त्रीको समय लिएर बुझाउने भन्ने फन्दामा जानीबुझी पारिएको त होइन ?

चैत ०५१ मा तत्कालीन एमाले अध्यक्ष तथा प्रधानमन्त्री मनमोहन अधिकारीले भारत भ्रमणका वेला भारतीय प्रधानमन्त्री पिभी नरसिंह रावसँग हैदरावाद हाउस र राष्ट्रपति भवनमा गरेको वार्तामा सन् १९५० को नेपाल-भारत मैत्री र शान्ति सन्धिका कतिपय प्रावधान असामयिक तथा असमान भएकाले पुनरावलोकन गरी परिवर्तन गर्नुपर्ने प्रस्ताव गर्नुभएको थियो। वार्तामा राज्यमन्त्री र भ्रमण दलको सदस्यको हैसियतले म पनि थिएँ।

सो प्रस्तावप्रति सहमति जनाउँदै भारतीय प्रधानमन्त्री राव तत्सम्बन्धमा कूटनीतिक माध्यमबाट संवाद अगाडि बढाउन राजी हुनुभयो। तर, अधिकारीको भ्रमणप्रति विरोध जनाउँदै प्रस्थानका वेला शिष्टाचार कार्यक्रम बहिष्कार गर्ने कांग्रेसले एमालेको अल्पमतको सरकार ढालेपछि ०५२ भदौमा प्रधानमन्त्री बन्नुभएका शेरबहादुर देउवाबाट भारतसँग भएको सो सहमतिप्रति चासो राखिएन। माओवादी सशस्त्र विद्रोहको घोषणापछिका १० वर्षमा यस विषयमा कसैले ध्यान दिने कुरै भएन।

अधिकारीको भारत भ्रमणको १७ वर्षपछि गणतान्त्रिक नेपालका प्रधानमन्त्री डा. बाबुराम भट्टराईले ०६८ मा भारत भ्रमणका वेला समकक्षी डा. मनमोहन सिंहसँग नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह गठन गर्ने सहमति गर्नुभयो। भट्टराईको यस्तो सहमति अधिकारीको पालामा भएको सन् १९५० को सन्धि पुनरावलोकन गर्ने सहमति कार्यान्वयन हुन नदिई नयाँ भ्रमजालमा लटपट्याउने उद्देश्यबाट प्रेरित थियो भन्ने तथ्य घटनाक्रमले पुष्टि गरिसकेको छ। सो सहमति गरेलगत्तै मैले अधिकारी प्रधानमन्त्री छँदा नेपालको माग र हितअनुकूल भारतसँग भएको सहमतिलाई पन्छ्याउने षड्यन्त्र भएको भन्दै प्रबुद्ध व्यक्ति समूह गठनको विरोध गरेको थिएँ।

यसलाई मैले पार्टीका बैठक र नेतृत्वसँग पनि उठाएको थिएँ। एमालेको विरोधका कारण त्यसवेलाको राजनीतिक परिस्थितिमा प्रधानमन्त्री भट्टराई प्रबुद्ध व्यक्ति समूह गठन गर्न असफल हुनुभयो। त्यसपछि लामो समयसम्म त्यो विषय थन्कियो।

एमाले र माओवादी केन्द्रबीच पार्टी एकीकरण गर्ने सहमतिसाथ ०७४ को आमनिर्वाचनमा संयुक्त रूपमा झन्डै दुईतिहाइ बहुमत प्राप्त भएपछि नेपालको बाह्य सम्बन्धमा भए, गरिएका असमान सन्धि-सम्झौता पुनरावलोकन हुने धेरैको अपेक्षा थियो।

यस्तो माग कम्युनिस्ट पार्टीको इतिहासमा लामो समयदेखि उठ्दै आएको मात्र होइन, एमाले र माओवादी केन्द्र दुवैले भारतसँगको १९५० को सन्धिलगायत सबै असमान सन्धि-सम्झौताको पुनरावलोकन एवं खारेजीप्रति पार्टी दस्तावेज र चुनावी घोषणापत्रमा प्रतिबद्धता जनाएका थिए।

०७५ जेठमा दुवै दल एक भई नेपाल कम्युनिस्ट पार्टीको घोषणा पनि भयो। तर, पहिलोपटक प्राप्त त्यति ठूलो सफलता, शक्ति र अवसर हुँदा पनि बाह्य सम्बन्धका क्षेत्रमा निरंकुश जहानियाँ राणाशासन र बेलायती साम्राज्यवादले थोपरेका असमान सन्धि-सम्झौता पुनरावलोकन र परिवर्तन गर्नेतर्फ कुनै काम भएन। नेपालको संविधानको धारा ५१ (ड) मा संविधानसभामा निकै ठूलो प्रयत्नबाट विगतका सबै सन्धि-सम्झौताको पुनरावलोकन गर्ने र असमान सन्धि-सम्झौता नगर्ने भनी उल्लिखित प्रावधानप्रति समेत कुनै चासो राखिएन।

दुवै देशको सहमतिमा गठित प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन बुझ्नसमेत नमान्दा के दुई छिमेकीबीच पारस्परिक समानता, सम्मान र हितका आधारमा सुमधुर सम्बन्ध कायम गर्न सहयोग पुग्छ त ?

०५१ मा तत्कालीन प्रधानमन्त्री अधिकारीको भारत भ्रमणका समयमा भएको सहमतिलाई अगाडि बढ्न नदिन भारतको चाहनाअनुरूप डा. भट्टराईद्वारा ०६८ मा भारत भ्रमणको समयमा गरिएको नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह गठन प्रस्तावलाई नै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले अगाडि बढाउनुभयो। यसबारे पार्टीमा कुनै औपचारिक छलफल र निर्णय गरिएन।

यद्यपि सो समूहमा नेपालको हित संरक्षणप्रति संवेदनशील व्यक्तिहरू राखिएकाले उहाँहरू सन् १९५० को सन्धिलगायत सीमा समस्यासम्मका विषय प्रतिवेदनमा समावेश गराउन सफल हुनुभएजस्तो अनुभूति प्रतिवेदन तयार गर्दाका समयमा भएका आन्तरिक छलफलमा बुझिएको हो। तर, सो प्रतिवेदन दुवै देशका तर्फबाट रहेका संयोजकले एकैपटक आ-आफ्ना प्रधानमन्त्रीलाई बुझाउने सहमति नगरी पहिले भारतीय प्रधानमन्त्रीलाई बुझाउने निर्णय किन र कसरी गरियो भन्ने गम्भीर प्रश्न गम्भीर छ।

सामान्यतया यस्तो प्रतिवेदन तयार भइसकेपछि दुई देशका जिम्मेवार व्यक्तिले आ-आफ्नो सरकारलाई बुझाउने सहमति हुनुपर्ने हो। प्रतिवेदन बुझाउने समय आएपछि पहिले भारतीय प्रधानमन्त्रीको समय लिएर बुझाउने भनी प्रस्ताव गर्ने व्यक्ति को थिए ? किन त्यसो गरियो ? यसबाट जसरी ०५१ मा अधिकारीको पालामा भएको सन्धि पुनरावलोकनको सहमतिलाई भट्टराईको पालामा आएर प्रबुद्ध व्यक्ति समूह गठन गर्ने प्रस्तावको फन्दामा पार्दै कार्यान्वयन नहुने स्थिति बनाइयो, त्यसरी नै प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन भारतको चाहनाअनुरूप तयार नभएपछि त्यसलाई पहिले भारतीय प्रधानमन्त्रीको समय लिएर बुझाउने भन्ने फन्दामा जानीबुझी पारिएको त होइन भन्ने प्रश्न उठ्छ। होइन भने नेपाल र भारतका प्रधानमन्त्री र परराष्ट्रमन्त्रीहरूले पटक-पटक एक-अर्काको देशमा भ्रमण गर्दासमेत प्रतिवेदन दुवै देशका प्रधानमन्त्रीले बुझेर तदनुकूल दुई देशको सम्बन्ध अगाडि बढाउने काम किन गरिएन ? किन यो विषय दुई देशका अन्य वार्ता र कूटनीतिक छलफलमा उठाइँदैन ?

स्मरणीय छ, नेपालका तर्फबाट प्रबुद्ध व्यक्ति समूहको सदस्य रहनुभएका नीलाम्बर आचार्य स्वयं नेकपाको झन्डै दुईतिहाइको शक्तिशाली सरकार भएको वेला भारतका लागि नयाँदिल्लीमा नेपालका राजदूत हुनुहुन्थ्यो। अहिले आएर नेपालका तर्फका संयोजक ८६ वर्षीय डा. भेषबहादुर थापाले परराष्ट्र मन्त्रालयमा प्रतिवेदन राखिएको दराजको साँचो आफ्नो साथमा रहेको र लामो समयसम्म प्रतिवेदन थन्क्याउन नसकिने बताउनुभएको छ भने भारततर्फका एक सदस्य बिसी उप्रेतीको मृत्यु भइसकेको छ। यस्तो स्थितिमा प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन बुझ्नसमेत नमान्दा के दुई छिमेकीबीच पारस्परिक समानता, सम्मान र हितको आधारमा सुमधुर सम्बन्ध कायम गर्न सहयोग पुग्छ त ? प्रतिवेदन लेखनको समयमा भारतीय पक्षका एक सदस्य जयन्त प्रसादले नेपालको हितअनुकूल विषय प्रवेश गर्न नदिन तत्कालीन भारतीय विदेशमन्त्री सुष्मा स्वराजलगायत प्रभावशाली व्यक्तिलाई गुहारेको सुनिएको थियो। त्यही प्रवृत्तिले भारतमा अहिले प्रश्रय पाएको त होइन ?

नेपालका प्रधानमन्त्रीहरूले भारतको र भारतीय प्रधानमन्त्रीले नेपालको पटक-पटक भ्रमण गर्ने, नेपालका नदीनाला नेपालका प्रधामन्त्रीले विनाप्रतिस्पर्धा भारतलाई सुम्पने तर नेपाल-भारत सम्बन्धलाई समानताका आधारमा समयसापेक्ष बनाउन प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन बुझ्ने समय वा फुर्सद नभएको तर्क हास्यास्पद छ। यसो भन्नुको कूटनीतिक तात्पर्य प्रतिवेदन कार्यान्वयन हुन नदिने मात्र होइन, छलफलमा समेत आउन नदिने नियत हो। यस आशयको अभिव्यक्ति भारतीय उच्च कूटनीतिक ओहोदाका व्यक्तिबाट सार्वजनिक भई पनि सकेका छन्। यति बुझ्दाबुझ्दै औपचारिक वार्ता र भ्रमणमा नेपालका प्रधानमन्त्री, परराष्ट्रमन्त्री र जिम्मेवार अधिकारीले कुरा नगर्ने अनि भारतले प्रतिवदेन किन बुझ्नेन भनेर बाहिर बोल्नुको के अर्थ हुन्छ ?

भारत भ्रमणमा जाने नेपालका विभिन्न प्रधानमन्त्रीले नेपालका प्रमुख नदीनाला मात्र भारतलाई सुम्पेका छैनन्, नेपालको भूमि र सीमा सुरक्षा, निर्यात व्यापारजस्ता विषयमा राष्ट्रिय हितको सुरक्षा गर्नेभन्दा सत्तास्वार्थ पूरा गर्नेतर्फ तल्लीन भएको देखिन्छ। हालै प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणमा पनि पुरानै प्रवृत्ति पुनरावृत्त भएको देखियो। नेपालका लिम्पियाधुरा, लिपुलेक, कालापानी तथा सुस्ता क्षेत्रलगायत भूभागमा भारतीय अतिक्रमण, भारतीय संसद्घा नेपालका लुम्बिनीलगायत भूभाग समेटिएको भारतको नक्सा र सन् १९४७ मा गरिएको त्रिपक्षीय गोर्खा भर्ती सन्धि, १९५० को असमान सन्धि, ठूलो व्यापार घाटा र नेपालका कृषिजन्य उत्पादनको भारत निकासीमा व्यवधान, प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदनजस्ता गम्भीर विषयमा उहाँले कुरै गर्नुभएन। उल्टै फुकोट कर्णाली र अरुण चौथो जलविद्युत् आयोजना विनाप्रतिस्पर्धा भारतलाई सुम्पेर आउनुभयो।भारतले नेपालबाट दश वर्षमा दश हजार मेगावाट बिजुली किन्ने हल्ला चलाइयो। तर, सो बिजुली भारतले नेपालका नदीमा आधिपत्य जमाएर आफैँ उत्पादन गरेर लैजाने हो वा नेपालले उत्पादन गरेको विद्युत् किन्ने हो, स्पष्ट गरिएको छैन। भारतले नेपालका जलविद्युत्लगायत विकास आयोजनामा लगानी गर्नेको तीनपुस्ते खोजेको र चीनको संलग्नता भएका आयोजनाका लागि विस्फोटक पदार्थमा बन्देज लगाएबाट नेपालले उत्पादन गरेको विद्युत् भारतले किन्ने भन्ने अर्थ लाग्दैन।

यस्ता बन्देज र अवरोध प्रधानमन्त्रीको भारत भ्रमणका वेला किन देखिएन ? भारतसँग भएका भनिएका सात सहमति वा सम्झौता संसद्मा किन जानकारी गराइएन ? जनताबाट किन लुकाइँदै छ ? नेपालीले भारत भ्रमण गर्दा परिचयपत्र देखाउनुपर्ने समाचार आएका छन्। तर, अन्तर्राष्ट्रिय कानुन र मान्यताअनुरूप नेपालको सीमा नियमन गर्ने, भारतीयले नेपाल आउँदा परिचयपत्र देखाउनुपर्ने र काम गर्नुपर्दा श्रम स्वीकृति लिनुपर्ने व्यवस्था गर्न 'जनयुद्ध'मा 'राष्ट्रिय मुक्ति'को नारा दिनेतर्फ माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री 'प्रचण्ड'ले रुचि नराख्नुको रहस्य के हो ?


आफैँले गरेको सहमति पालना नगरी भारतले प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन नबुझ्ने र नेपालका प्रधानमन्त्री, परराष्ट्रमन्त्री र कूटनीतिज्ञले त्यसबारे केही भन्न नसक्ने स्थिति रहिरहनु नेपालको हितमा हुँदैन। भारतले प्रतिवेदन बुझ्न मान्दैन भन्ने अरण्य रोदनले पनि कुनै सकारात्मक परिणाम निस्कँदैन। अतः नेपालको संविधानले निर्देशित गरेअनुरूप नेपालको स्वतन्त्र परराष्ट्र नीतिलाई राष्ट्रिय हितअनुकूल सञ्चालन गर्ने हो भने अब नेपालका तर्फबाट रहनुभएका प्रबुद्ध व्यक्ति समूहले प्रतिवेदन नेपाल सरकारलाई तुरुन्त बुझाई सार्वजनिक गर्नुपर्छ।

भारत सरकारले प्रतिवेदनप्रति चासो नराखेपछि ०५१ मा मनमोहन अधिकारी र पिभी नरसिंह रावबीचको समतिअनुसार सन् १९५० को सन्धि पुनरावलोकन गर्नेतर्फ कूटनीतिक र राजनीतिक पाइला चाल्नुपर्छ।

सहमतिअनुरूप काम गर्न नसक्ने हो भने पनि नेपाल सरकारले स्वयं सन् १९५० को नेपाल-भारत सन्धिलगायत असमान र अपमानजनक सन्धि-सम्झौता पुनरावलोकनको काम नेपालको संविधानको मार्गनिर्देशनअनुरूप अगाडि बढाउन किन नसक्ने ? वार्तामा नेपालको अखण्डता, हित र स्वार्थसँग सम्बन्धित विषय किन नउठाउने ? आफ्नो देशहितका कुरा गर्नु भनेको अरूको विरोध गर्नु ठहरिन्छ र ? त्यस्तो ठहरिने हो भने शक्तिशाली र ठूला देशले अर्को पक्षको सहमति भए पनि नभए पनि आफ्नो हितका कुरा वार्तामा किन उठाउँछन् त ? अर्काको कूटनीतिक जाल र फन्दामा किन अलमलिने ? के आफ्नो देशको हित र स्वार्थविपरीत कुनै स्वाधीन देशका जिम्मेवार नेता वा शासक अर्कासामु लम्पसार पर्छन् र ?राष्ट्रिय स्वाधीनता, हित र स्वाभिमानको यथार्थपरक मार्गमा केही नगर्ने उल्टै थप असमान र अपमानजनक सन्धि-सम्झौता र सहमति गर्दै जाने कार्य जनता र देशको अस्मिता, अस्तित्व र हितमाथिको गम्भीर आघात हो। यस्तै गलत प्रवृत्ति, चरित्र र कामबाट नेपाल र नेपाली जनता आज आक्रान्त र पीडित छन्। नेपाल र नेपालीको हितमा काम गर्ने भनी शपथ खाएर राज्यका ठुल्ठूला महत्वपूर्ण पदमा पुग्नेहरूले आत्मसमीक्षा र चिन्तन गर्नु उपयुक्त हुनेछ।-नयाँ पत्रिका

# को को परे कपिलवस्तुबाट संघको केन्द्रिय सदस्यमा ?





कपिलवस्तु २३ साउन

कपिलवस्तुका विद्यार्थी नेता टिआर पाण्डे र माधव पौडेल नेपाल विदयार्थी संघको केन्द्रिय सदस्यमा मनोनित भएका छन् ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले दुजाङ शेर्पाको अध्यक्षतामा गठित नेपाल विद्यार्थी संघ केन्द्रीय तदर्थ कार्यसमितिको सदस्यमा सोमबार बिभिन्न व्यक्तिहरुलाई मनोनयन गर्ने क्रममा उनिहरु पनि परेका हुन् । सभापति देउवाले ७७ वटै जिल्लाको प्रतिनिधित्व हुनेगरी ७१० केन्द्रिय सदस्य मनोनयन गरेका थिए ।

पाण्डे नेविसंघको निर्वाचित क्षेत्रीय प्रतिनिधि थिए । पाण्डे जिल्लामा सफल व्यवसायीका रुपमा चिनिन्छन् ।

व्यवसायी भए पनि संगठनमा उनको सक्रियता थियो । यस्तै माधव पौडेल नेविसंघका जिल्ला नेता हुन । उनीहरुसंगै संदिप यादव, कृष्ण गिरी, दिपेन्द्र रेग्मी, मञ्जु विश्वकर्मा, कृष्ण आचार्य र शिखर प्रसाद आचार्य पनि मनोनयनमा परेका छन् ।त्यहि सक्रियताको आधार र पार्टीलाई दिएको योगदानको कदर गर्दै आफूलाई केन्द्रिय सदस्यमा मनोनयन गरिएको हुन सक्ने उनले बताए । मनोनयनपछि पार्टीले दिएको जिम्मेवारी कुशलतापूर्वक पुरा गर्ने उनीहरुको भनाई छ ।

# २५ दिन देखि छोरी बेपत्ता, खोजी गरिदिन वुवाको आग्रह

कपिलवस्तु २३ साउन

कपिलवस्तु नगरपालिका १० नगहवा निवासी सुरजमती थारु २५ दिन देखि बेपत्ता भएकी छन ।

बाणगंगा १० करलिया माइत भएकी थारु बेपत्ता भए पछि वुवा चिन्कु थारुले छोरीको खोजी गरिदिन हार गुहार गरेका छन । गत असार २८ गते घरमै श्रीमान पशुपती थारुले मदिरा सेवन गरि झगडा गरि कुटपिट गरेपछि छोरी बेपत्ता भएको वुवाले जानकारी दिए ।

आवश्यक अनुसन्धान गर्नका लागि इलाका प्रहरी कार्यालय पिपरामा पनि उजुरी दिए पनि सुनुवाई नभएको उनले बताए । यति धैरै दिन देखि छोरी बेखवर छ , १२ देखि १० वर्षका दुई छोरा छन , तिनीहरुलाई माईतमै राखेका छौ , पिडित वुवाले जनाए ।

“यति दिन सम्म सबैतिर गुहारीरहेका छौ , हाम्रो पिडालाई कसैले सुनन् , उनले दुखेसो पोखे । ”

# फुलबारी सामुदायिक वन उपभोक्ता समूह

## बाणगंगा- ७,मोतिपुर क.व

## काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सुचना प्रकाशित मिती २०८०/०४/२४ गते

फुलबारी सामुदायिक वन उपभोक्ता समुह बाणगंगा-७,मोतिपुर कपिलवस्तुको वनबाट आ.व २०७९/०८० मा उत्पादन भई यस समुहको घाटगद्दिमा रहेको काठलाई विभिन्न लट मध्ये साल जातको काठ ३९२ थानको २८७४.८८ क्युफिट र अन्य जातको काठ ११४ थानको ५५०.७ क्युफिट गरि साल जात काठ र अन्य जात काठ गरी जम्मा ३४२५.५८ क्युफिट काठ बाह्य बिक्री वितरण गनुपर्ने भएकाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सम्म बोलपत्र फारम खरिद गरी २२औं दिनको दिन कार्यलय समय भित्र सम्म गोप्य शिलवन्दी दाखिला गर्नका लागि सम्बन्धीत सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

अध्यक्षय : जयलाल गिरी
सम्पर्क नं. : ९८५७०५०२७०

# फरक क्षमता भएकालाई सहायक सामग्री




कपिलवस्तु २२ साउन

वाणगंगा नगरपालिकाले नगरभित्र रहेका फरक क्षमता भएका व्यक्तिहरुलाई सहायक सामग्री वितरण गरेको छ ।

मंगलवार नगरपालिकाका मेयर चक्रपाणी अर्याल र प्रमुख प्रशासकिय अधिकृत खिमानन्द भुषालले अपांग उत्थान समाज कपिलवस्तुका पुर्व अध्यक्ष हेमनाथ ज्ञवालीलाई उक्त सामग्री वितरण गर्नु भएको हो ।

नगरका अपांगता भएका व्यक्तिहरुले माग गरे अनुसार उक्त सामग्री नगरपालिकाले वितरण गरेको हो ।

जस अनुरुप ६ वटा हील चेयर , १० वटा वैशाखी , १० थान सेतो छडी , एक थान अपांगमैत्री शौचालय चेयर वितरण गरिएको नगरका महिला वालवालिका तथा ज्येष्ठ नागरिक शाखाका प्रमुख सुशिला पन्थले जानकारी दिनु भयो ।

नगरले दिएको सहयोगले अपांगता भएका व्यक्तिहरुलाई ठुलो सहयोग पुर्‍याउने संस्थाका कर्मचारी गोमा पन्थिले बताउनु भयो ।

अपांगता भएका व्यक्तिहरुलाई नगरले उनीहरुको आवश्यकता अनुसारका सहायक सामग्री , विभिन्न सिपमुलक र क्षमता अभिवृद्धि कार्यक्रम प्रदान गर्दै आएको छ । बाणगंगा नगरपालिकामा ५५२ जना पुरुष र ३३६ जना महिला गरि कुल ८८८ जना शारीरिक अपाङ्गता भएका व्यक्तिहरु रहेका छन । बाणगंगामा रातो कार्ड लिनेको संख्या ७२३ जना रहेको छ ।

Krishnanagar manicipality

## Office of Municipal Executive

Krishnanagar , Kapilvastu

Lumbini Province

## Invitation for online Bids

Date of first publication : 2080-04-23 (8th Aug ,2023)

The krishnanagar Municipality ,Office of the Municipal Executive, krishnanagar kapilvastu invites online bids under e-procurement system from eligible bidders for the procurement of following works. The bidders can visit the PPMO web side www.hhtp://bolptra.gov.np for the brief description with public entity name : Office of Municipal Executive Krishnanagar ,kapilvastu .

| S.N | contract ID | Name of Projects | Estimated Amount (with out VAT & Contingencies) NRS | Bids Security (NRs.) | Bid Doc fee | Final Bid submission Date & Time | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | KNM/SQ/GOODS-01/080/81 | Procurement of Nyano Jhola | 10,68,666.67 | 30,200.0 | 1000.00 | 23-08-2023 | |
| 2 | KNM/NCB/GOODS-01/080/81 | Procurement of Medicine And Surgical Device | 54,99,963.27 | 1,37,500.00 | 3000.00 | 07-09-2023 12:00. | |

Shankar Bhattarai
For. Chief Administrative Officer


महिला हिंसाको अन्त्य गरौं शून्य सहनशीलत कायम गरौं
अनुरोधक :- कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

सफासँग हात धोएर मात्र खाना खाने गरौं
अनुरोधक :- कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यक्तिहरूप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं
अनुरोधक :- महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं
अनुरोधक :- बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरू पालना गरौ,आफु पनि जोगिऔ र अरुलाई पनि जोगाऔं
अनुरोधक :- बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

खानेपानीका मुहानहरू सफा राखौं
अनुरोधक :- शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

पानी उमालेर पिउने गरौं
अनुरोधक :- सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुपन्देही

बाढी पहिरोको जोखिम स्थानमाबसेकाहरू समयमै सुरक्षित स्थानमा जाऔं
अनुरोधक :- विजयनगर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

जथाभावी बाटो नकाटौं ,अकाल मृत्युबाट बचौं
अनुरोधक :- मायादेवी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

पशुपंक्षीहरूलाई दाना,पानी दिने भाँडा नियमित रुपमा सफा गरौं
अनुरोधक :- सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची

चर्पीमा मात्रै दिसा पिसाव गरौं
अनुरोधक :- सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भैरहवा, रुपन्देही

बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं
अनुरोधक :- शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

आफ्नो घर र व्यवसायमा वालवालिकालाई श्रममा नलगाऔं , अरुलाई पनी बाल श्रम प्रयोग नगर्न सुचित गरौं
अनुरोधक :- शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सांस्कृतिक धार्मिक र प्रकृतिक सम्पदाको रक्षा गरौं राष्ट्रिय स्वाभिमानको रक्षा गरौं
अनुरोधक :- यशोधरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यक्तिहरूप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं
अनुरोधक :- कञ्चन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

धुम्रपान र मद्यपानबाट टाढा रहौं,सुखी र स्वस्थ्य जीवन बिताऔं
अनुरोधक :- शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची

रूख रापौं,वन जंगल जोगाऔं बाढी, पहिरोको जोखिम घटाऔं
अनुरोधक :- बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भुमही,पश्चिम नवलपरासी

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरू पालना गरौ,आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं
अनुरोधक :- गैडहवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

# रात्री बसको ठक्करबाट १० गाईगोरु मरे



कपिलवस्तु २३ साउन

कपिलवस्तुको वाणगंगा र बुद्धभूमि नगरपालिकाको सिमा क्षेत्र 'खारखानी' गएराती बसको ठक्करबाट १० गाइगोरुको मृत्यु भएको छ।

काठमाण्डौबाट दाङ जादै गरेको रात्री बसको ठक्करबाट ५ गाई र ५ गोरुको मृत्यु हुनका साथै ४ वटा पशु चौपायाँ घाईते भएको ईलाका प्रहरी कार्यालय गोरुसिङ्गे का प्रहरी निरिक्षक नरेश बहादुर शाहीले बताए।

गाईगोरुलाई ठक्कर दिने वसलाई इलाका प्रहरी कार्यालय गोरुसिङ्गेको नियन्त्रणमा रहेको छ।

राती अध्यधिक पानी परेको र तिब्र गतिका कारण विच सड्कमा रहेका गाईगोरु ठोक्किएको चालकको भनाईलाई उद्धित गर्दै प्रहरीले जानकारी गराएका छन्।

प्रहरी निरिक्षक शाहीका अनुसार घाईते पशुको जिल्ला पशु सेवा कार्यालयका पशु चिकित्सक बोलाएर उपचार गरि जंगलतिर लागेको र अन्यको पोष्ट मार्टम गरि गाडीएको बताए।

यतिधेरै संख्यामा गाईगोरुलाई ठक्कर दिई ज्यान दिनु गम्भिर लार्पवाही भएको भन्दै दोषीलाई कार्वाही गर्नुपर्ने स्थानियहरु बताउछन्।

# सीटीईभीटीका २ सय २८ शिक्षण संस्था किन भए बन्द ?




काठमाण्डौ २३ साउन

चिकित्सा शिक्षा सरोकार तथा सङ्घर्ष समितिले चिकित्सा शिक्षा आयोग गठनपछि शिक्षण संस्था बन्द हुँदा आफूहरूको १५ अर्ब रुपैयाँ लगानी डुबेको दाबी गरेका छन्।

निजी प्राविधिक शिक्षालय महासंघका केन्द्रीय अध्यक्ष अरुण कुमार पाण्डेले राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ अनुसार चिकित्सा शिक्षा आयोग गठन भएपछि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) बाट मान्यता प्राप्त दुई सय २८ वटा शिक्षण संस्था बन्द हुँदा १५ अर्ब रुपैयाँ लगानी डुब्नुको साथै सात हजारभन्दा धैरै रोजगारी गुमेको दाबी गरे।

उनले आयोग गठनपछि प्रि-डिप्लोमा तहका स्वास्थ्य विषयका एक सय ३७ वटा, डिप्लोमा तहका ७३ वटा, स्नातक तहका १० वटा र बीएससी नर्सिङका आठ गरी दुई सय २८ वटा शिक्षण संस्था बन्द भएको बताए।

शैक्षिक संस्था बन्द भएपछि तीन वर्षको अवधिमा एक हजार तीन सय ३६ जना विद्यार्थीले ७२ करोड रुपैयाँभन्दा बढीको छात्रवृत्ति गुमाएका छन् । शैक्षिक संस्था बन्द भएसँगै विद्यार्थीहरू पढ्नका लागि विदेश जान बाध्य भएका छन्।

समितिका संयोजक निर्मल सापकोटाले शैक्षिक संस्थाहरू बन्द हुँदा अहिले अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा नर्ससहित दक्ष जनशक्तिको अभाव शुरु भएको बताए। समितिले प्रमाणपत्र तहको भर्ना अवरुद्ध भएका ७३ वटा नर्सिङ कलेज परिषद्कै निर्णयबाट खोल्न र स्नातक तहको नर्सिङ कार्यक्रम सञ्चालन गर्न आफ्नै एक सय शय्याको अस्पताल अनिवार्य हुनुपर्ने व्यवस्थालाई परिमार्जन गर्न माग गरेको छ।

# गाउँमै स्वास्थ्य सेवा



भालुवाङ २१ साउन

दाङको राप्ती गाउँपालिकाले स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका नागरिकहरुलाई सहज रुपले स्वास्थ्य सेवा प्रदान गर्ने उदेश्य पालिकाको विभिन्न स्थानमा गाउँघर क्लिनिक तथा रक्तचाप मापन केन्द्र सञ्चालनमा ल्याएको छ।

आईतवार राप्ती गाउँपालिका वडा नं.४ मझनीगढमा सो क्लिनिकको उद्घाटन गरिएको छ। सो क्लिनिकको राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टले ८५ वर्षीय लिले गिरीको रक्तचाप जाँच गरि उद्घाटन गरेका हुन्। अध्यक्ष विष्टले आफ्नो शरीरको अवस्था बारेमा बुझ्न बेलाबेलामा स्वास्थ्य जाच गराउनु पर्ने बताए। "हामी बिरामी नभइकन स्वास्थ्य संस्था नै जादैनौ",उनले भने -"जब बिरामी पर्छौ त्यतिबेला रोग जटिल अवस्थामा पुगिसकेको हुन्छ।" कार्यक्रमको प्रमुख अतिथि समेत रहेका अध्यक्ष विष्टले स्वास्थ्य संस्थाबाट टाढा रहेका नागरिकहरुलाई स्वास्थ्य सेवाको पहुँच पुर्याउनको लागि क्लिनिक सञ्चालन गरिएको बताउँदै नियमितरूपमा स्वास्थ्य परिक्षण गराउन कार्यक्रमका सहभागीहरुलाई आग्रह गरे।

त्यस्तै कार्यक्रमको विशिष्ट अतिथि पालिकाकी उपाध्यक्ष कमलापति चौधरीले समयमै रोगको पहिचान भयो भने बेलैमा बिरामीको उपचार हुनुको साथै पैसा र समय दुवैको बचत हुने समेत बताए। सो गाउँघर क्लिनिकमा रक्तचाप मापन, गर्भवती, सुत्केरी जाँच सेवा, दुई वर्ष सम्मका बालबच्चाहरुको तौल, परिवार नियोजन, प्राथमिक उपचार सेवा प्रदान गरिने राप्ती गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख नारायण रावतले जानकारी दिए। हाल पालिका भरि १८ वटा गाउँघर क्लिनिक स्थापना भई सञ्चालन आएको छ। क्लिनिक प्रत्येक महिनाको २१ गते सञ्चालन हुने जनाइएको छ। अहिले पालिका भरि ४ स्वास्थ्य इकाई, ४ आधारभूत स्वास्थ्य केन्द्रबाट नियमित रुपमा स्वास्थ्य चेकजाँच भइरहेको छ भने भालुवाङ र सिसहनियाँमा रहेको २ वटा स्वास्थ्य चौकी मार्फत २४ सै घण्टा स्वास्थ्य सेवा प्रदान भइरहेको छ।

वडा नम्बर ४ का वडा अध्यक्ष बिर बहादुर चौधरीको अध्यक्षता तथा राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टको प्रमुख आतिथ्यता र उपाध्यक्ष कमलापति चौधरीको विशिष्ट आतिथ्यतामा सम्पन्न उक्त उद्धाटन कार्यक्रममा पालिकाका प्रमुख प्रशासकीय अधिकृत नेवबहादुर ओली, स्वास्थ्य शाखा प्रमुख नारायण रावत, स्वास्थ्यकर्मी पदम पौडेल लगायतका वक्ताहरुले गाउँघर क्लिनिकको आवश्यकता र त्यसबाट प्रदान गरिने सेवाहरुको बारेमा सहभागीहरुलाई प्रस्ट पारे।

कार्यक्रममा वडाका जनप्रतिनिधि ,टोल विकास संस्थाका अध्यक्ष ,महिला स्वयंसेवकका,आमा समूहका अध्यक्ष, समाजसेवी, बुद्धिजीवी लगायत स्थानीयवासीहरुको उल्लेख्य सहभागीता रहेको थियो भने स्वास्थ्यकर्मी चेतन पोखेल र जानका पौडेले १०० भन्दा बढी कार्यक्रममा सहभागी व्यक्तिहरुको रक्तचाप जाँच गर्नु भएको थियो। यसै बिच पालिकाका अध्यक्ष प्रकाश विष्ट,प्रमुख प्रशासकीय अधिकृत नेव बहादुर ओली र स्वास्थ्य शाखा प्रमुख नारायण रावतले वडा नम्बर ४ मा रहेको स्वास्थ्य इकाई र वडा नम्बर ८ मा रहेको गाउँघर किल्निकको स्थलगत अवलोकन समेत थिए।


**बाढीपहिरोबाट जोगिऔं**

जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:

➢वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।

➢पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं।

➢बस्ती तथा समुदायको रक्षा गरौं।

➢बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड








**कमन नेपाल प्रा. लि.**द्वारा प्रकाशित **राष्ट्रिय दैनिक बुद्ध दर्पण**का लागि प्रबन्ध निर्देशक : **लक्ष्मण बेल्बासे**, अतिथि सम्पादक : **नारायणप्रसाद पौडेल**, प्रधान सम्पादक: **बसन्त गिरी**,
सम्पादक : **पार्वती पाण्डे**, प्रबन्ध-सम्पादक : **डिलाराम भुसाल**, व्यवस्थापक : **रामु पौडेल**, कम्प्युटर सेटिङ्ग : **सागर क्षेत्री**
**प्रधान कार्यालय** : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, **फोन नं.** ०७६-५५०२६०, **फ्याक्स**: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , **ईमेल**: buddhadarpan@gmail.com **मुद्रण**: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही